नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
बबई सिंचाइ आयोजना
बैदी, बर्दिया

Email: bipbardiya@gmail.com
babai@dwri.gov.np
Web site: babaiip.gov.np

# अधिग्रहण गरीएको जग्गामा हिउँदे बाली नलगाई दिने बारेको सूचना ।

## सूचना प्रकाशित मिति २०८२।०७।१४

बर्दिया जिल्लामा सञ्चालित राष्ट्रिय गौरवको बबई सिंचाइ आयोजनाको पश्चिमी मूलनहर प्रणाली (गुलरिया खण्ड) विस्तार तथा निर्माणका लागि मिति २०८१।११।१५ गते जिल्ला प्रशासन कार्यालय गुलरिया बर्दियाबाट अधिग्रहण गरीएका चेनेज ३२+०७० कि.मि. देखि चेनेज ४१+४०० कि.मि. अर्न्तगत पर्ने साविक गुलरिया गा.वि.स. वडा नं. ८ (ख), वडा नं. ४ (क), वडा नं. ३, वडा नं. २ एवं साविक मथुराहरिद्वार गा.वि.स. वडा नं. ७, वडा नं. ५, वडा नं. ४ र पूर्वी B2 शाखा नहर विस्तार तथा निर्माणका लागि अधिग्रहण गरीएका चेनेज १४+०२५ कि.मि. देखि चेनेज १४+६४० कि.मि.अर्न्तगतका साविक महम्मदपुर गा.वि.स. वडा नं. ३ का नहरमा पर्न गएका कि.नं.हरु मध्येबाट नहरको नक्शा बमोजिमको क्षेत्रफल स्थलगत रुपमा एकिन तथा नाँपजाँच गर्ने कार्य तत्कालै प्रारम्भ गरी सो क्षेत्रमा नहर तथा आवश्यक संरचना निर्माण गर्ने कार्य हुन गईरहेकोले उक्त अधिग्रहणमा परेका जग्गामा हिउदे बाली नलगाई दिनुहुन सम्बन्धित जग्गाधनी एवं सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै प्रकाशित सूचनामा उल्लेख भएका अधिग्रहणमा परेका कि.नं. का मुआब्जा रकम भूक्तानी लिन बाँकी जग्गाधनीहरुले रकम भूक्तानीका लागि यस आयोजनामा सम्पर्क राख्नुहुन समेत अनुरोध छ ।

बबई सिंचाइ आयोजना
बैदी, बर्दिया